का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ भदौ २०७९,
शनिबार
3 September 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २१० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

नागरिकता विधेयक

# फेरि राष्ट्रपतिकै हातमा



पुनर्बिचारका लागि फिर्ता पठाएको नागरिकता विधेयक जस्ताको तस्तै संघीय संसदबाट पारित भएको छ । संविधानत: फेरि फिर्ता पठाउने अधिकार राष्ट्रपतिलाई छैन् । तथापि, आफ्ना विकल्पहरुबारे राष्ट्रपति भण्डारी परामर्शमा छिन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १७ भदौ ।

राष्ट्रपति विद्यादेवी भण्डारीबाट पुनर्बिचारका लागि १५ बुँदे सन्देशसहित फिर्ता भएको 'नागरिकता ऐन संशोधन गर्न बनेको विधेयक' संघीय संसद (प्रतिनिधिसभा र राष्ट्रिय सभा)बाट हुबहु पारित भएको छ।

२ भदौमा प्रतिनिधिसभाबाट पारित भएर आएको विधेयक शुक्रबार राष्ट्रिय सभाबाट पनि पारित भएको छ। राष्ट्रिय सभाबाट पारित विधेयक पुन: प्रतिनिधिसभामा जान्छ । प्रतिनिधिसभामा राष्ट्रिय सभाले पारित गरेको सन्देश सुनाएपछि सभामुखबाट प्रमाणित भएर पुन: राष्ट्रपतिकहाँ प्रमाणिकरणका लागि पुग्छ। अर्थात, नागरिकता विधेयक फेरि राष्ट्रपतिकै हातमा पुग्ने भएको छ।


२४ असार २०७९ मा दर्ता भएको यो विधेयक प्रतिनिधिसभाबाट साउन ६ र राष्ट्रियसभाबाट १२ गते पारित भइ साउन १४ गते प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पुगेको थियो । तर, विधेयक प्रमाणीकरण नगरी २९ साउनमा राष्ट्रपति भण्डारीले संघीय संसद्समक्ष जानकारी, अध्ययन र विमर्शका लागि भन्दै सातवटा बुँदा र ध्यानाकर्षणका लागि आठ वटा बुँदामा सन्देशसहित विधेयक फिर्ता गरिदिइन ।

राष्ट्रपतिले पुनर्बिचारका लागि फिर्ता पठाएको विधेयक पुन: संघीय संसदको दुबै सदनबाट पारित भएको हो । पुन: पारित भएर गएको विधेयक फेरि फिर्ता गर्न सक्ने अधिकार राष्ट्रपतिलाई नरहेको सरोकारवालाहरु रहेको भनाई रहेको छ ।

संविधानको धारा ११३ (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गर्नु पर्ने व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार दुबै सदनले फिर्ता भएको विधेयक प्रस्तुत रूपमा (जस्ताको तस्तै) वा संशोधन सहित पारित हुन सक्छ ।

'राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधन सहित पारित गरी पुन: पेश गरेमा त्यसरी पेश भएको पन्ध्र दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ' संविधानको धारा ११३ उपधारा (४) मा उल्लेख छ । संघीय संसदको दुबै सदनबाट विधेयक पारित हुँदा प्रमुख प्रतिपक्षी नेकपा एमालेका सांसदहरुले राष्ट्रपतिको सन्देशबारे छलफल नभएको भनी विरोध गरेका थिए ।

उनीहरुले राष्ट्रपतिले देखाएको गम्भीर्यतालाई नबुझेको भनी सरकार र सत्तारुढ दलको आलोचना गरेका थिए। तर, बुहमतका आधारमा नागरिकता विधेयक पारित भएको हो ।


नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

संघीय संसद् सचिवालय
संसद भवन
सिंहदरबार ।

राष्ट्रपतिका दुई विकल्प

## प्रमाणीकरण कि राजीनामा !

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १७ भदौ ।

राष्ट्रपति विद्या देवी भण्डारीले फिर्ता गरेको नागरिकता विधेयक पुन: राष्ट्रपतिकहाँ जाँदैछ। आफुले पुनर्बिचारका लागि पठाएको पनि संघीय संसदले पुनर्बिचार गरेन । यसकारण राष्ट्रपति अब के गर्ने भनेर परामर्शमा छिन् ।

संविधान र कानुनविदहरुका अनुसार अब राष्ट्रपतिका सामु दुई विकल्प छन् । प्रमाणीकरण गर्ने कि राजीनामा दिने ।

संविधानको धारा ११३ (३) मा आर्थिक बाहेकको विधेयक राष्ट्रपतिले पुनर्विचारका लागि सन्देशसहित फिर्ता गर्न सक्ने व्यवस्था छ। यो अधिकारको प्रयोग राष्ट्रपतिले गरिसकेकी छन्। संविधानको यही संवैधानिक अधिकार प्रयोग गर्दै राष्ट्रपतिले प्रमाणीकरणका लागि आएको नागरिकता सम्बन्धी विधेयक २९ साउनमा फिर्ता गरिदिएकी थिइन् । विधेयक फिर्ता गर्दा राष्ट्रपति भण्डारीले संघीय संसद्समक्ष जानकारी, अध्ययन र विमर्शका लागि भन्दै सातवटा बुँदा र ध्यानाकर्षणका लागि आठवटा बुँदामा सन्देश दिएकी थिइन् ।

संविधानको धारा ११३ (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गर्नुपर्ने व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार दुबै सदनले फिर्ता भएको विधेयक प्रस्तुत रूपमा जस्ताको तस्तै पारित गरिसकेको छ ।

'राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधन सहित पारित गरी पुन: पेश गरेमा त्यसरी पेश भएको पन्ध्र दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ' संविधानको धारा ११३ उपधारा (४) मा उल्लेख छ । अर्थात, संविधान र कानुनका जानकारहरु अनुसार राष्ट्रपतिसामु विधेयक प्रमाणीकरण नगर्ने विकल्प छैन् ।

विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं ।

- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं ।
- अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं ।
- विज्ञापन प्राप्त गर्न अनुचित दवाब र प्रभाव नपारौं ।
- निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## थोरै सिट धेरै सिफारिस

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, १७ भदौ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका स्थानीय कमिटीहरुले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका आकांक्षीहरुको सिफारिस तीव्र बनाएको छ। सकेसम्म सर्वसहमत सिफारिसको प्रयत्न भएपनि अधिकांश ठाउँबाट दुई भन्दा बढी व्यक्तिको नाम सिफारिस भएका छन् । राजधानी काठमाडौंको दश वटै निर्वाचन क्षेत्रमा उम्मेद्वारका आकांक्षीहरुको नाम सिफारिस भएका छन्।

काठमाडौं-२, ३, ५ मा सर्वसहमत सिफारिस भएका छन् । काठमाडौं-२ बाट मणिराम फुँयाल, काठमाडौं-३ बाट कृष्ण राई र काठमाडौं-५ बाट ईश्वर पोखरेलको नाम सर्वसहम सिफारिस भएका छन् । बाँकी निर्वाचन क्षेत्रमा भने दुई वा सो भन्दा बढी सिफारिस भएका छन् । धेरै उम्मेद्वार सिफारिस भएको क्षेत्रको निर्णय पार्टी केन्द्रले गर्नेछ । भदौ ११ गते सकिएको केन्द्रीय कमिटी बैठकले टिकट वितरणको अधिकार सचिवालयलाई दिएको छ ।

> तुलनात्मक रुपमा उम्मेद्वार टुंग्याउन सत्ता गठबन्धन भन्दा प्रतिपक्षी दल एमालेलाई सजिलो देखिन्छ । तर आकांक्षी नेताहरुको संख्या धेरै भएकाले नेतृत्वको दावी बमोजिम उम्मेद्वार टुंग्याउन सकेको देखिदैन ।

सचिवालयले सिफारिस भएका नाम मध्येबाट उम्मेद्वार टुंगो लगाउनेछ । पार्टी विभाजनको चोटसहित चुनावमा होमिन लागेको एमालेमा पनि सर्वसहमत सिफारिस हुने संख्या बढी देखिएको छ। अझ राप्रपासँग तालमेल गर्न लागेकाले एमालेमा आकांक्षीको व्यवस्थापन समस्या देखिन्छ । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन झापा-३ बाट चुनाव लड्दै आएका छन् । तालमेल हुँदा यो क्षेत्र एमालेले छोड्नुपर्नेछ ।

पशुपति शमशेर जबराका लागि सिन्धुपाल्चोक-२, मा एमाले नेता शेरबहादुर तामाङले उम्मेद्वार बन्न नपाउने समस्या देखिन्छ । नुवाकोट,

– बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगारमा जाने कामदार र व्यवसायीलाई खोपको प्रवन्ध सहज

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ भदौ

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वैदेशिक रोजगारमा जाने नेपाली कामदार तथा बजार प्रवर्द्धनका लागि जाने व्यवसायीलाई क्युआर कोड तथा खोपको प्रवन्ध सहज रहेको बताएको छ ।

वैदेशिक रोजगार व्यवसायीहरूका लागि शुक्रबार एकदिने तालिम आयोजना गरेको विभागले विभिन्न देशले खोपको प्रमाणिकतामा जोड दिएको भन्दै वैदेशिक रोजगारमा जाने कामदारहरूका लागि विभागमा कोरोनाविरुद्ध बुष्टर डोजका रूपमा फाइजर खोप उपलब्ध गराएको जानकारी दिएको छ । भेरोसेलका दुई डोज लगाएको भएपनि बुष्टर डोज अनिवार्य गराइएकाले बुष्टर डोजका रूपमा फाइजर खोप लिन आग्रह गरेको छ ।

नेपालले ८१ लाख डोज फाइजर खोप ल्याउने तयारी गरेको जानकारी दिँदै विभागका अधिकारीहरुले मुलुकमा विभिन्न ९ नगरपालिकालाई नमुनाका रूपमा विकास गरी खोप वितरण गर्ने गृहकार्य भएकोले वैदेशिक रोजगारीमा जाने कामदार तथा बजार प्रवर्द्धनका लागि जाने कामदारहरूले नमुना केन्द्रबाट बुष्टर डोजको खोप लिएर क्युआर कोडसहितको खोप प्रमाणपत्र लिन सक्ने बताएका छन् ।

कार्यक्रममा वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्य, नेपाल वैदेशिक

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### अफगानिस्तान पठाउने भन्दै ठगी गरेको आरोपमा एक पक्राउ

**काठमाडौं / मस–** वैदेशिक रोजगारीका लागि अफगानिस्तान पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले चितवनको भरतपुर महानगरपालिका-२१ गितानगर घर भई हाल काठमाडौंको बसुन्धारामा बस्दै आएका ३९ वर्षीय रविन अधिकारी भन्ने रविन्द्र अधिकारीलाई पक्राउ गरेको हो।

उनले ८ जनाबाट प्रतिव्यक्ति १ लाखका दरले ८ लाख रुपैयाँ लिई सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरेको प्रहरीको दाबी छ। पक्राउ परेका

– बाँकी पृष्ठ २ मा

## ४ संसदीय समितिले ७ महिनापछि सभापति पाउँदै

५९ सदस्यीय राष्ट्रिय सभा सदस्यका लागि प्रत्येक दुई दुई वर्षमा एक तिहाइ सदस्यका लागि निर्वाचन हुन्छ । राष्ट्रिय सभाको नियमावलीमा एक तिहाइ सदस्यको पद रिक्त भएपछि समिति पुनर्गठन र सभापति हेरफेर गर्नुपर्ने व्यवस्था छ ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, १७ भदौ ।

राष्ट्रिय सभाको विषयगत समितिले ७ महिनापछि सभापति पाउने भएको छ । संघीय संसद सचिवालयका अनुसार राष्ट्रिय सभाका विषयगत समितिका सभापतिहरुको निर्वाचन यही भदौ २३ गते हुने भएको छ ।

राष्ट्रिय सभामा रहेका दलहरुका बीचमा सहमति भए अनुसार भदौ २३ गते निर्वाचन गर्ने तय भएको राष्ट्रिय सभाको सचिवालयले जनाएको छ ।

राष्ट्रियसभाका विषयगत समितिका सभापति पदहरु कार्यकाल सकिएर २१ फागुन २०७८ मा कार्यकाल विदा भएका थिए । रिक्त राष्ट्रियसभा सदस्य पदमा १२ माघ २०७८ मै नयाँ सदस्य निर्वाचित भएका थिए, उनीहरु राष्ट्रियसभामा क्रियाशील छन् ।

– बाँकी पृष्ठ २ मा



### सबैलाई भागवण्डा

रिक्त रहेका राष्ट्रिय सभाका चार वटै समितिको सभापति आफैं राख्न खोजेको थियो । तर, राष्ट्रिय सभामा सबैभन्दा ठूलो दलको रुपमा रहेको भनी एमालेले कम्तिमा एउटा सभापति भएपनि पाउनुपर्ने अडान राख्दै आएको थियो। गठबन्धनमा रहेका दलहरु एमालेलाई एउटा समितिको सभापति छाड्न तयार भएपछि रिक्त सभापतिहरुको पदपुर्तिका लागि यही भदौ २३ गते निर्वाचन गर्ने सहमति जुटेको छ ।

सहमति अनुसार राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com



# शङ्करदेव क्याम्पसलाई थप जग्गाको व्यवस्था



**काठमाडौं/मस-** प्रधानमन्त्री शेरबहादुर देउवाले व्यवस्थापन सङ्कायमा त्रिभुवन विश्वविद्यालयकै उत्कृष्ट बनेको शङ्करदेव क्याम्पसको पूर्वाधार विकासमा थप जग्गाको व्यवस्था गरिदिने प्रतिबद्धता गरेका छन् ।

भूकम्पले क्षतिग्रस्त बनाएको क्याम्पसको पुनः निर्मित भवन उद्घाटन गर्दै उनले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र समाज कल्याण परिषद्सँग सल्लाह गरेर क्याम्पसअघि रहेको जग्गा उपलब्ध गराउन सहयोग गर्ने बताए । 'त्रिभुवन विश्वविद्यालयमा रहेको समस्या संवादका माध्यमबाट समाधान गरिनुपर्छ, तालाबन्दीले समस्या समाधान हुँदैन, विश्वविद्यालयमा राजनीतिक आग्रह र पूर्वाग्रह नराखौं', प्रधानमन्त्री देउवाले भने ।

दक्ष जनशक्ति निर्माणका लागि गुणस्तरीय शिक्षाको आवश्यकता रहेको उल्लेख गर्दै उनले त्यसका लागि आवश्यक पूर्वाधार विकासमा पनि सरकारले सहयोग गर्ने बताए । नवनिर्मित भवनले विद्यार्थीको चाप थेग्न सहयोग गर्ने उल्लेख गर्दै प्रधानमन्त्री देउवाले भवन पुनःनिर्माणका लागि पूर्वविद्यार्थी समाजले गरेको सहयोगको प्रशंसा पनि गरे ।

क्याम्पसबाट उत्पादित जनशक्तिले अहिले पनि उद्योग र वाणिज्य प्रशासनका साथै राजनीतिक क्षेत्रमा पनि योगदान पुऱ्याएका छन् भन्दै उनले थप गुणस्तरीय जनशक्ति निर्माणका लागि क्याम्पसले पहल गरेमा आवश्यक सहयोग गर्न सरकार प्रतिबद्ध रहेको छ भने ।

शिक्षामन्त्री देवेन्द्र पौडेलले उच्च शिक्षामा यस क्याम्पसले इज्जत जोगाएको बताए । त्रिभुवन विश्वविद्यालयको शैक्षिक गुणस्तर बढाउन सबै क्याम्पस प्रमुख र विश्वविद्यालयका पदाधिकारीसँग हालै मन्त्रालयमा छलफल गरिएको र यस्ता प्रयासलाई जारी राख्ने उनले जानकारी गराए । 'दश जोड दुई उत्तीर्ण गरेपछि विद्यार्थीमा विदेश जाने लहर बढेको छ, विश्वका उत्कृष्ट विश्वविद्यालयमा अध्ययन गर्न जानेलाई रोक्नुहुन्न तर देशमै भएको विषय अध्ययनका लागि विदेश जाने वातावरण बन्नु भनेको हाम्रो गुणस्तरमा कतै समस्या छ भन्ने सन्देश हो, शङ्करदेवजस्ता उत्कृष्ट क्याम्पसमा भारत, बङ्गलादेश, चीनलगायत देशबाट विद्यार्थी आउने वातावरण बनाउनुपर्छ', मन्त्री पौडेलले भने ।

पहिलेदेखि नै शङ्करदेव क्याम्पसको जग्गा थोरै रहेकाले भवनको पूर्वाधार बढाउन कठिन रहेको उल्लेख गर्दै उनले मन्त्रालयले समाजकल्याण परिषद्को जग्गा दिन प्रक्रिया अघि बढाउने बताए । शिक्षा, स्वास्थ्य र रोजगार संविधानको मौलिक हकमा व्यवस्था गरिएकाले पूर्वाधार विकासमा मन्त्रालयले सहयोग गर्ने प्रतिबद्धता जनाउँदै मन्त्री पौडेलले विश्वविद्यालयका समस्या वार्ताकै माध्यमबाट समाधान गर्न पनि जोड दिए ।

क्याम्पस प्रमुख प्रा. डा. केशवराज जोशीले तोकिएको कोटाभन्दा ३० गुणाबढी विद्यार्थी पढ्न आउने गरेकाले ठाउँको अभाव हुने गरेको बताए । थप भवन बनाउने ठाउँ पाए पढ्न आउने सबै विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिन सकिने उनको भनाइ थियो । क्याम्पसलाई जमलस्थित त्रिभुवन विश्वविद्यालयको जग्गा दिइएकामा अहिले त्यहाँबाट हटाइएकामा क्याम्पस प्रमुख जोशीले गुनासो गरे ।

क्याम्पसमा हाल १० हजार विद्यार्थी अध्ययन गरिरहेकामा खुला ठाउँ नभएकाले पनि समस्या हुने गरेको छ । नेपाल विद्यार्थी सङ्घका अध्यक्ष एवम् क्याम्पसका पूर्वविद्यार्थी डोजाङ शेर्पाले क्याम्पसमा भौतिक पूर्वाधार विकासमा सरोकार भएका निकायको ध्यान जानुपर्ने बताए । क्याम्पसमा लामो समय काम गरेका प्राध्यापकको योगदानको कदर गरिनुपर्ने उनको भनाइ थियो ।

क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनका पूर्वसभापति शुभराम बस्नेतले यस क्याम्पसलाई विषयगत विश्वविद्यालयका रुपमा स्थापित गर्न माग गरे । क्याम्पसअघि रहेको समाज कल्याण परिषद्को आठ रोपनी जग्गा थप भवन बनाउन क्याम्पसका नाममा ल्याउने प्रक्रिया शुरु गर्न पनि उनले माग गरेका थिए । क्याम्पस पूर्वविद्यार्थी समाजका अध्यक्ष राजीव थापाले क्याम्पसको भौतिक एवम् शैक्षिक विकासका लागि निरन्तर सहयोग गरिने प्रतिबद्धता जनाएका थिए ।

# डेंगु नियन्त्रण गर्न माग



**काठमाडौं/मस-** प्रतिनिधिसभाको बैठकमा सांसदहरुले काठमाडौं उपत्यकालगायत देशका विभिन्न जिल्लामा फैलिएको डेंगु रोग नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराएका छन् । शुक्रबारको बैठकमा सांसद मीना सुब्बाले उपत्यकाका अस्पतालमा डेंगुका बिरामी दैनिकरुपमा बढ्दै गएको जनाउँदै बेलैमा नियन्त्रण गर्न सरकारसँग माग गरिन् । उनले त्रिवि शिक्षण अस्पताल, वीर, टेकु अस्पतालमा डेंगुका बिरामीले शय्या पाउन मुस्किल परेको अवस्था रहेको बताइन् । सांसद मैनाकुमारी भण्डारीले नागरिकता विधेयकमा सरकार संवेदनशील हुन नसकेको गुनासो गरिन् । सांसद रङ्गमती शाहीले स्वास्थ्य, शिक्षा र वृद्धवृद्धाको जिम्मा राज्यले लिनुपर्ने बताइन् ।

सांसद राजेन्द्रकुमार राईले धनकुटा जिल्लाको भेडेटार-पाँचथरको रविराँके सडक (एक सय एक किलोमिटर) बाटो निर्माण शुरु गरेको पाँच वर्ष भए पनि पूरा हुन नसकेकोप्रति सरकारको ध्यानाकर्षण गराए । सांसद रामवीर मानन्धरले शून्य समयमा बोलेको विषयको कुनै पनि सम्बोधन नहुने गुनासो गरे ।

सांसद रेनुका गुरुङले नेपाल-भारत खुला सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि अन्त्य गर्न सरकारसँग माग गरिन् ।

**घरदैलो अभियान**

हेटौंडा उपमहानगरपालिकाले डेंगु नियन्त्रणका लागि घरदैलो अभियान सञ्चालन गरिने भएको छ ।

उपमहानगरपालिकाका विभिन्न वडामा डेंगु सङ्क्रमण बढ्दै गए पछि घरदैलो अभियान थाल्ने तयारी छ । हेटौंडा-४, ५, १० र ११ मा केही सातादेखि फैलिएको डेंगु सङ्क्रमण अझै नियन्त्रणमा आउन सकेको छैन । ती चारवटै वडामा बिहीबार अपराह्नसम्म पाँच सय ३५ जनामा डेंगु फेला परेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । यसैगरी मनहरि गाउँपालिका-२, ४, ५ र ६ मा ९५ डेंगुका बिरामी फेला परेको कार्यालयले जनाएको छ ।

मकवानपुरमा सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिका क्षेत्रमा करिब तीन सातादेखि फैलिएको प्रकोपलाई नियन्त्रण गर्न विभिन्न विधि अपनाएको भए पनि अझै नियन्त्रणमा आउन नसकिएकाले भदौ १९ देखि हेटौंडा उपमहानगरपालिकाका १९ वटै वडा र मनहरिका विभिन्न वडामा जिल्ला स्वास्थ्य कार्यालयले घरदैलो अभियान सञ्चालन गर्न लागेको वरिष्ठ जनस्वास्थ्य अधिकृत दीपक तिवारीले बताए ।

हेटौंडा र मनहरिका विभिन्न वडामा डेंगुबाट प्रभावितलाई तत्काल उपचार गर्न जिल्ला स्वास्थ्य कार्यालय र हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा काठमाडौंको वीर अस्पताल, पाटन अस्पताल र त्रिभुवन शिक्षण अस्पताल उपचारका लागि पठाइएको उपमहानगरपालिकाको स्वास्थ्य महाशाखाका जनस्वास्थ्य अधिकृत भोलिप्रसाद चौलागाईंले जानकारी दिए ।

डेंगुबाट सामान्य प्रभावितलाई हेटौंडा अस्पताल, चुरेहिल अस्पताल र चितवनको भरतपुर अस्पताल भर्ना गरी उपचार थालिएको छ । डेंगुको पहिचान गर्न किट पर्याप्त मात्रा नहुँदा उपलब्ध गराइदिन हेटौंडा उपमहानगरपालिकाले सङ्घीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमक्ष माग गरेको चौलागाईंले बताए ।

## थोरै...

चितवन, रुपन्देही, मोरङ, बाँके, दैलेख लगायतमा एमाले नेताहरुले राप्रपालाई छोड्नुपर्ने हुन सक्छ । एमालेमा भन्दा धेरै समस्या सत्तारुढ दलहरुमा देखिन्छ ।

१६५ निर्वाचन मध्ये कुन दलले कति सिट लिने भन्ने भागबण्डा अझै मिल्न सकेको छैन । तर सत्तारुढ दलका सम्बन्धित कार्य समितिले धमाधम सिफारिस गरिरहेका छन् । सत्तारुढ नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र जनमोर्चाले सकेसम्म धेरै सिट लिन खोजिरहेका छन् । जनमोर्चा बाहेक बाँकी दलहरुको राष्ट्रिय रुपमै संगठन छ । यसको अर्थ आकांक्षी उम्मेद्वारको संख्या चार गुणा बढी हुने स्वभाविक छ ।

गएको स्थानीय चुनावको नतिजा अनुसा, कांग्रेस सवैभन्दा ठूलो दल हो । तसर्थ कांग्रेस नेतृत्वले आफ्ना नेताहरुलाई मनाएर गठबन्धनका दलहरुलाई सिट दिनु सजिलो देखिदैन । कम्तिमा पनि १०० सिट कांग्रेसले लिनुपर्ने नेताहरुले सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवासँग अडान लिइरहेका छन् । यसो गर्दा पनि कांग्रेसको सवै निर्वाचन क्षेत्रमा उम्मेद्वार हुनेछैनन् ।

माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा र जनमोर्चालाई अहिलेकै हैसियत कायम गर्नुपर्ने चुनौती छ । तसर्थ धेरै भन्दा धेरै सिट संख्या लिने अडानमा छन् । एकीकृत समाजवादीले त उम्मेद्वार सिफारिस कार्यलाई तीव्र पारेको छ । माओवादी केन्द्रबाट पनि सिफारिस हुन थालेको छ भने अन्य दलहरुमा पनि सिफारिस भइरहेको छ । तर सीमित निर्वाचन क्षेत्र भएकाले उम्मेद्वार चयन गर्नु दलहरुका निम्ति फलामको चिउरा सरह बन्ने देखिन्छ ।

## वैदेशिक...

रोजगार व्यवसायी संघका सहसंयोजक प्रेमबहादुर कटुवाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष एवं संघका सदस्य सचिव प्रज्ञान न्यौपमने, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपालका अध्यक्ष सन्तकुमार लामा, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारी, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी र जातीय, भेगीय संघ संगठनका प्रतिनिधिसहित उल्लेख्य मात्रामा व्यवसायीहरुको सहभागिता रहेको थियो ।

## अफगानिस्तान...

अधिकारीमाथि वैदेशिक रोजगार ऐन अनुसार थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाइएको प्रहरीले बताएको छ ।

## ४ संसदीय...

५९ सदस्यीय राष्ट्रिय सभा सदस्यका लागि प्रत्येक दुई दुई वर्षमा एक तिहाइ सदस्यका लागि निर्वाचन हुन्छ । राष्ट्रिय सभाको नियमावलीमा एक तिहाइ सदस्यको पद रिक्त भएपछि समिति पुनर्गठन र सभापति हेरफेर गर्नुपर्ने व्यवस्था छ । यस अनुसार समयमै सभापति चयन हुन नसकेको भनी आलोचना भइरहेका बेला दलहरुक्ष बीचमा सभापतिहरुको निर्वाचन भदौ २३ गते गर्ने सहमति जुटेको हो ।

राष्ट्रिय सभामा दिगो विकास तथा सुशासन समिति, विधायन व्यवस्थापन समिति, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति र राष्ट्रिय सरोकार तथा समन्वय समिति छन् ।

राष्ट्रिय सभा उपाध्यक्ष पद पनि २१ फागुन २०७८ देखि नै रिक्त छ । तत्कालीन उपाध्यक्ष शशिकला दाहालको कार्यकाल सकिएपछि नयाँ उपाध्यक्ष चयन भएको छैन । तर, यसपटक पनि राष्ट्रिय सभा उपाध्यक्ष पदको निर्वाचन गर्ने विषयमा दलहरु मौन रहेका छन् । भदौ २३ गते राष्ट्रिय सभा उपाध्यक्षको निर्वाचन गर्ने विषयमा फेरि पनि दलहरुका बीचमा सहमति नजुटेको नेताहरुले बताएका छन् ।

## सबैलाई ...

सभापतिमा नेकपा एकीकृत समाजवादीले लिने तय भएको छ । यो समितिको सभापतिमा नेकपा एकीकृत समाजवादीका महाअसचिव समेत रहेका बेदुराम भुसाललाई दिने सहमति रहेको नेताहरुले बताएका छन् ।

यसैगरी, एमालेले राष्ट्रिय सरोकार समितिको सभापति लिनेछ । एमालेका नेताहरुका अनुसार यो समितिको सभापतिमा यसअघि एमालेकी पार्वती रावल (दीलकुमारी) नै थिइन् । उनैलाई दोहोऱ्याइने एमाले नेताहरुले बताएका छन् ।

नेताहरुका अनुसार प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सभापति माओवादी केन्द्रले लिनेछ । यसअघि यो समितिको सभापतिमा राम नारायण बिँडारी थिए । उनी कार्यकाल सकिएर १९ फागुन २०७८ मा कार्यकाल सकिएर विदा भएपछि रिक्त रहेको सभापति पदमा माओवादी केन्द्रका मायाप्रसाद शर्मालाई दिन लागिएको छ ।

यसैगरी, दिगो विकास तथा सुशासन समितिको सभापतिमा नेपाली कांग्रेसका प्रकाश पन्थ रहने गरी सहमति जुटेका नेताहरुले बताएका छन् । यसअघि पनि समितिको सभापतिमा कांग्रेसकै सांसद थिए ।

# उज्यालो गौरा, दुर्वाष्टमी पर्व मनाइँदै

**काठमाडौं/मस-** उमा महेश्वरसहित दुबोको पूजा गरेर सुदूरपश्चिम र मध्यपश्चिमवासीले आज उज्याली गौरा एवं दुर्वाष्टमी पर्व मनाउँदैछन् ।

यो पर्व भाद्र शुक्ल अष्टमीका दिन मनाइन्छ । भाद्र शुक्ल अष्टमी अगावै अगस्त्य ऋषिको उदय हुने वर्ष भने भाद्र कृष्ण अष्टमीकै दिन मनाउनुपर्ने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् प्रा.डा.रामचन्द्र गौतम बताउँछन् । यस वर्ष भाद्र शुक्ल अष्टमीपछि अगस्त्य उदय हुनेछ ।

भाद्र शुक्ल अष्टमीमा मनाइने गौरालाई उज्याली र कृष्ण अष्टमीमा मनाइने गौरालाई अँध्यारी भन्ने गरिन्छ । यसैले यस वर्षको गौरालाई उज्याली भनिन्छ । पहिलो पटक व्रत बस्नेले भने भाद्र शुक्ल अष्टमी अर्थात उज्याली गौराबाटै सुरु गर्नुपर्ने व्रत विधान छ ।

कन्या राशिमा सूर्य गएपछि अर्थात असोज महिना लागेपछि पनि गौरा मनाउनु हुँदैन । सिंह राशिमा सूर्य भएका बेला अर्थात भदौ महिनामा गौरा मनाउनुपर्ने मानसखण्ड, निर्णयसिन्धु, हेमाद्रिलगायत ग्रन्थमा उल्लेख गरिएको छ ।

गौरालाई सुदूरपश्चिम र मध्यपश्चिम क्षेत्रका मानिसले ऐतिहासिक मौलिक पर्वका रूपमा लिने गरेका छन् । राजधानीमा पनि सुदूरपश्चिम र मध्यपश्चिम क्षेत्रका मानिसको बसोबास बढेसँगै यो पर्व यहाँ पनि धुमधामका साथ मनाउन थालिएको छ ।

सत्य युगमा हिमालयपुत्री पार्वतीले महादेव स्वामी पाऊँ भनी वर्षा ऋतुको भाद्र महिनामा जल, जङ्गल, जमिन र जनावरको डर नमानी तपस्या गरेपछि मनोकामना पूरा भएको सम्झनामा देशको पश्चिम क्षेत्रमा यो पर्व मनाउन सुरु गरिएको देउडा संस्कृतिविद् गायक नन्दकृष्ण जोशीले जानकारी दिए ।

गौरा पूजा गर्नका लागि पाँच वनस्पति कुश, काँस, सामा (सौं), तीतेपाती र अपामार्ग कतै तिलको बिरुवा पनि राखेर देवीको आकार बनाउने गरिन्छ । यसरी बनाइएको देवीलाई भाद्र कृष्ण अष्टमीका दिन गाउँको सफा घरमा भित्र्याएर बर्तालुले निराहार बसी पूजा गर्ने परम्परा रहेको देउडा संस्कृतिविद् जोशीले बताए ।

देवीलाई गाउँका नायकले भित्र्याउनुपर्ने चलन छ । यसरी भित्र्याउँदा कसैले पनि हेर्नु नहुने मान्यता छ । गौरा भित्र्याउने घरमा जम्मा भएका गाउँलेले खोज्दा नभेट्ने गरी नायकले लैजान्छन् ।

यसरी दुई/तीन दिन पूजा गरिसकेपछि मङ्गलबार र शनिबार नपारी देवीलाई नदी, कुवा, पोखरी वा जलाशयमा लगी सेलाइन्छ । जुठो, सूतक परेका बेला देवीलाई विसर्जन गर्न नहुने परम्परा छ । देवीलाई विसर्जन गरेपछि मागल अर्थात् माङ्गलिक कर्ममा गाइने भजन, गीत आदि गाएर रमाइलो गर्ने परम्परा छ ।

देशका अन्य भागमा तीज मनाए जस्तै पश्चिममा यो पर्व विशेषगरी नारीहरुले मनाउने गरेका छन् ।

# सञ्चारमाध्यमलाई व्यवस्थित गर्न मिडिया काउन्सिल विधेयक



**काठमाडौं/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले आमसञ्चारमाध्यमलाई थप व्यवस्थित बनाउन मिडिया काउन्सिल विधेयक ल्याउनुपरेको बताएका छन् । उनले शुक्रबार प्रतिनिधिसभा बैठकमा राष्ट्रियसभाको सन्देशसहितको 'नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ माथि विचार गरियोस' भनी प्रस्ताव प्रस्तुत गरेका थिए । प्रस्तावमाथिको छलफलका क्रममा उनले आमसञ्चारमाध्यमलाई स्वच्छ, पारदर्शी, व्यावसायिक, मर्यादित र उत्तरदायी बनाउन, पत्रकारिताको विकास र सम्वर्द्धन गर्न तथा पेशागत आचारण कायम राख्न आवश्यक महसुस गरी सरकारले विधेयक प्रस्तुत गरेको बताए । सदनमा विचाराधीन अवस्थामा रहेको विधेयक राष्ट्रियसभामा दफाबार छलफल भई प्रतिनिधिसभामा प्रस्तुत गरिएको हो । पत्रकारिताका क्षेत्रमा नियमनका लागि साविकको प्रेस काउन्सिल नेपाल भए पनि यसको कार्यक्षेत्र सीमित रहेको र सञ्चारमाध्यमका सबै विधालाई समेट्न नसकेका सन्दर्भमा यो विधेयक अघि बढाएको मन्त्री कार्कीले बताए ।

उनले भने, 'विश्वमा नै यस प्रकारको प्रयोग रहेको छ, आसञ्चारमाध्यमलाई थप व्यवस्थित बनाउन विधेयकको तर्जुमा गरिएको हो । साविकको काउन्सिलले पत्रकारिताका सबै विधालाई सम्बोधन गर्न नसक्ने भएकाले यो विधेयक ल्याउनुपरेको हो ।' विधेयक पारित भई ऐन लागू भएपछि पत्रकारिता क्षेत्रमा जिम्मेवारी अभ्यास बढ्ने र सञ्चारमाध्यमसँग सम्बन्धित विभिन्न पक्षबीच मतभेद, विवाद र गुनासालाई स्वनियमन प्रणालीद्वारा समाधान गर्न सकिने उनको भनाइ थियो । नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ बैठकले बहुमतले स्वीकृत गरेको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०५/१७**

**गुडलाइफ एजुकेसनल कन्सलटेन्सी प्रा.लि. (Goodlife Educational Consaltency Pvt. Ltd.)** को साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गुडलाइफ एजुकेसनल कन्सलटेन्सी प्रा.लि. (Goodlife Educational Consultancy Pvt. Ltd.) (प्रा.लि. नं. २१०४८७)** कायम गर्ने गरी मिति २०७९/०५/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०७९/०५/१८**

**द नो नेम ट्राभल्स एण्ड ट्रक्स प्रा.लि.** को मिति २०७९/०४/२६ गते मा वार्षिक /विषेश साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **याङ हिम टुर एन्ड ट्राभल एजेन्सी (प्रा. लि. नं.: १२५४२४)**, कायम गर्ने गरी मिति २०७९/०५/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कतारमा रोजगारको अवसर | १. कम्पनीः SWAT शहरः YA

पुर्व स्वीकृत मितिः २०७८/१२/२५ चलानी नं.: ६०१७७६७९ LT. No.: 261339 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३४,७६० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 2 | 0 | | 1800 | ६२,५६८ | | | | | | | |

२. कम्पनीः Danshiri Contracting Cleaning & Hospitality WLL शहरः Qatar
पुर्व स्वीकृत मितिः २०७९/०५/१७ चलानी नं.: ६०१८६७५१ LT. No.: 271104

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७६,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | ८६,९०० | | | | | | | |
| 3. | LABOUR | 3 | 0 | | 1000 | ३४,७६० | | | | | | | |
| 4. | Representative | 1 | 0 | | 2500 | ८६,९०० | | | | | | | |

३. कम्पनीः Ay Dy Dy General Contracting Co. Wll शहरः Qatar
पुर्व स्वीकृत मितिः २०७९/०५/१७ चलानी नं.: ६०१८६८१८ LT. No.: 271105

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २५ गते (10 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com
श्रम इजाजत नं. १४६९/०७४/०७५





पकहाँ मैनपुर गाउँपालिका
मधेश प्रदेश, नेपाल

# एकै परिवारका तीन जनाको हत्या

**प्रवेश विष्ट/मध्यान्ह**
विराटनगर, १७ भदौ

उदयपुरमा एकै परिवारका तीन जनाको विभत्स हत्या भएको छ। उदयपुर बेलका नगरपालिका ७ मैनामैनीस्थित गोधाटारमा शुक्रबार दिउँसो तीन जनाको हत्या भएको हो।

३० वर्षीय राजकुमार बस्नेत, ३० वर्षीया सरिता बस्नेत र १२ वर्षीय सुजन बस्नेतको धारिलो हतियार प्रहारबाट मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुर जनाएको छ।

हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले नरबहादुर बस्नेतलाई पक्राउ गरेको छ। पक्राउ परेका नरबहादुर मृतक राजकुमारका नातेदार हुन्।

बेलका नगरपालिकाका मेयर अशोक कार्कीले खोला किनारको खेतमा धान गोढेर फर्कने क्रममा शुक्रबार बिहान साढे १० बजेतिर हत्या भएको खुलेको जानकारी दिए। राजकुमारलाई खेतमा जाँदै गरेको अवस्थामा चौवाटे कुलो र आमाछोरालाई



स्थानीय बबिङ खोलामा खुकुरी प्रहार गरी हत्या गरेको प्रहरीले बताएको छ। सरिता र सुजनको शव खोलामा भेटिएको थियो भने राजकुमारको शव केही माथि भेटिएको थियो। पुरानो रिसईबीका कारण नरबहादुरले तीनै जनाको हत्या गरेको हुनसक्ने अनुमान गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक राकेश पोदारले जानकारी दिए।

# कक्षा १२ को नतिजा सार्वजनिक

**काठमाडौं/मस–** कक्षा १२ को नतिजा सार्वजनिक भएको छ। सार्वजनिक नतिजामा ४ हजार १७९ जनाले ३ दशमलव ६१ देखि ४ जिपिए, ३० हजार १०७ जनाले ३ दशमलव २१ देखि ३ दशमलव ६० जिपिए, ६५ हजार २८४ जनाले २ दशमलव ८१ देखि ३ दशमलव २० जिपिए, ६४ हजार ९३ जनाले दुई दशमलव ४१ देखि दुई दशमलव ८० जिपिए, १० हजार ९०० जनाले २ दशमलव ०१ देखि २ दशमलव ४० जिपिए र ३५ जनाले १ दशमलव ६१ देखि २ जिपिए प्राप्त गरेका छन्।

राष्ट्रिय परीक्षा बोर्ड अध्यक्ष डा. महाश्रम शर्माका अनुसार यस वर्ष परीक्षा उत्तीर्ण हुनका लागि प्रयोगात्मक परीक्षामा ४० र सैद्धान्तिक परीक्षामा ३५ प्रतिशत ल्याउनै पर्ने व्यवस्था गरिएको थियो। त्योभन्दा कम अङ्क ल्याएको खण्डमा पुनःपरीक्षा दिनुपर्ने बोर्डले उनले बताए।

उनका अनुसार नियमिततर्फ तीन लाख ६३ हजार आठ, ग्रेड वृद्धितर्फ ३० हजार ४५ र आंशिकतर्फ तीन हजार १३२ गरी कूल तीन लाख ९६ हजार १८५ विद्यार्थीले परीक्षामा सहभागिता जनाएका थिए।

बोर्डका उपाध्यक्ष डा. शर्माले भने, 'यस वर्ष एक लाख ८८ हजार विद्यार्थी नन ग्रेडिङमा परेका छन्। त्यसमध्येमा एक लाख ३० हजार ८७८ जनाले मात्रै ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउँछन्।' दुई विषयमा निर्धारित प्रतिशतभन्दा कम ल्याउने विद्यार्थीले पुनःग्रेड वृद्धि परीक्षा सहभागि हुन पाउँछन्। बोर्डले देशभरका एक हजार २९२ परीक्षा केन्द्रमा परीक्षा केन्द्रमा गत जेठ १६ देखि २५ गतेसम्म परीक्षा सञ्चालन गरेको थियो।

बोर्डले यस वर्षको नतिजामा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने एक लाख ३० हजार ८७८ परीक्षार्थीका लागि आउँदो असोज ३० र ३१ गते परीक्षा सञ्चालन गर्ने गरी परीक्षा तालिकासमेत सार्वजनिक गरेको अध्यक्ष शर्माले जानकारी दिए। बोर्डका अनुसार नतिजा राष्ट्रिय परीक्षा बोर्डको वेबसाइट www.neb.gov.np, नेपाल टेलिकमको वेबसाइट धधध।लभदा।लतआ।लभत।लउ मा गएर हेर्न सकिन्छ। त्यसैगरी एसएमएसबाट पनि नतिजा हेर्न सकिने छ। त्यसका लागि neb लेखेर एक स्पेस दिई आफ्नो सिम्बोल नम्बर टाइप गरी १६०० नम्बरमा र नेपाल टेलिकमको १६०१ मा एसएमएस पठाएर पनि हेर्न सकिने बोर्डले जनाएको छ।

# शिक्षकको कुटपिटपछि विद्यालय छाड्दै विद्यार्थी

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १७ भदौ

शिक्षक शब्द निकै महत्वपूर्ण, सम्मानित र निकै आधार पूर्वक सम्बोधन गर्ने शब्द हो। चाहेर पनि जो कोही शिक्षक बन्न सक्दैनन्। शिक्षक त्यो व्यक्ति बन्न सक्छ जोसँग बालबालिकासँग रमाउन सक्ने, उनीहरूसगँ खेल्न सक्ने, आफूलाई बालबालिकाकै व्यवहारमा ढाल्न सक्ने र बालमनोविज्ञानलाई बुझ्न सक्ने खुबी हुन्छ, त्यो नै शिक्षक हो। सफल शिक्षकहरू ती हुन् जोसँग कक्षामा सबै विद्यार्थीहरूलाई सकारात्मक, गुणस्तरीय शिक्षण प्रदान गर्न सक्ने क्षमता हुन्छ। एक शिक्षक र विद्यार्थीको राम्रो सम्बन्ध भए मात्र पढाइ प्रभावकारी हुन सक्छ।

तर समाजमा यस्ता पनि घटना घट्ने जसले शिक्षक र विद्यार्थीबीचको दूरी बढाउने गर्दछ। विद्यालयमा शिक्षकले गर्ने व्यवहारकै कारण कति विद्यार्थीहरु विद्यालय छोड्न बाध्य भएका छन्।

यस्तै पश्चिम नवलपरासीको पाल्हीनन्दन कुश्मामा रहेको सिद्धार्थ माध्यमिक विद्यालयका विद्यार्थी बुद्धिलाल हरिजन त्यसैमध्येका एक हुन्।

आजभोली उनी विद्यालयको नाम सुन्ने बित्तिकै रिसाउँछन् र झर्किन्छन्। किनकी उनीमाथि शिक्षकहरुले सामुहिक कुटपिट गरेका थिए।

पाल्हीनन्दन गाउँपालिका वडा नम्बर ३ कुश्मामा रहेको सिद्धार्थ माध्यमिक विद्यालय कक्षा १० मा पढ्ने दलित विद्यार्थीलाई जातीय आधारमै गाली गर्दै सामुहिक कुटपिट भएको सेवरी देवी हरिजनले बताइन्।

उनका अनुसार विद्यालयका प्रधानाध्यापक शशीभुषण पाण्डेले कक्षा १० मा न्युक्लियरको स्पेलिङ सोधेका थिए। विद्यार्थीहरुले भनि सकेपछि उक्त शब्दको स्पेलिङ बुद्धिलालले बताउने बितिकै हरिजनलाई होच्याउने शब्दमा उखान भन्न थाले। जुन गाली गर्ने र हरिजनलाई हत्तोसाहित गर्ने खालको शब्द प्रयोग गरेका थिए।



त्यसपछि जुरुक्क कुर्सिबाट उठेर धकेल्दै तलाई चमार नभनि के भन्ने भन्दै पाण्डेले पिट्दै ढोका बाहिर निकालेका थिए।

त्यसपछि प्रधानाध्यापक कक्ष नजिकै रहेको स्टाफ कक्षबाट आएर जय प्रकाश सिंह, सन्तराज यादव र संतोष तिवारीले थप्पड र लात्तिले टाउकोमा हान्न थालेका थिए।

भुँईमा खस्दा तीनै जना शिक्षकले पालैपालो कुटपिट गरेपछि प्रधानाध्यापक शशीभुषण पाण्डेले छातीमा खुट्टा राखी निर्मतापूर्वक मर्णासन हुने गरी कुटपिट गरेको हरिजनले गुनासो गरे। परिवारले स्कुल पठाउन धेरै प्रयास गरे तर उनी स्कुल जान ईच्छुक भएनन्।

कुटपिट तथा जातीय आधारमा गाली र उखान भनेको कुरा सोच्दै उनी चिन्तित हुँदै घरमा बसेको नर्बदे हरिजनले बताए। उनले हरिजन मानसिक रुपमा समस्या देखिएको समेत बताए।

आर्थिक अवस्था कमजोर रहेकोले उनलाई उपचार गर्न समेत नसकेको परिवारले बताएका छन्। उक्त घटना नवलपरासी जिल्ला अदालतमा र उच्च अदालत तुलसीपुर बुटवलमा मुद्दा चल्यो। तर हरिजनले न्याय पाएनन्।

स्कुलमा जातीय आधारमा गाली गर्दै कुटपिट गरेपछि एउटा जेहेनदार विद्यार्थीले स्कुल छोड्न बाध्य भएको स्थानीय पल्टु सहानीले बताए।

हरिजनमात्रै होइन् यहि भदौ ५ गते सरावल गाउँपालिका वडा नम्बर २ मा रहेको जनता माध्यमिक विद्यालयका विद्यार्थी रामेश्वर मुसहर चन्दन सहानी र टेकनरायन चमारबीच सोमबार बिहान एक आपसमा सामान्य विवादपछि चक्रमणी चौधरी, टेक प्रसाद शर्मा, लङ्का पुरी, ध्रुवनारायन चौधरी, संजय शर्मा, लगायतका शिक्षकहरुले जातीय आधारमा गाली गर्दै स्टाफ कक्ष भित्रै भित्ता र दराजमा लडाई कुटेपछि टाउकोमा चोट लागेको टेकनरायन हरिजनले बताए।

त्यस्तै साउन १९ गते रामग्राम नगरपालिका वडा नम्बर ४ बैरिहवास्थित निजी विद्यालय हिलेरियस चिल्ड्रेन एकेडमीका शिक्षकले आलम सिद्धकीले कक्षा ५ मा पढ्ने १२ वर्षका निखिल कोहार कानको समस्या पहिला देखि थियो। गृहकार्य नगरेको भन्दै शिक्षक आलम सिद्धकीले पिट्दा बालकको कानको जाली फुटेपछि बुटवल तिनाउ मेडिकलमा उपचार गराएको बालकको ठूलो बुवा रामजी प्रजापतीले बताए।

निखिल कोहारको कानमा पहिलादेखि सानो प्वाल थियो। ३/४ दिनदेखि गृहकार्य नगरेपछि डराउनको लागि आलम सिद्धकीले गालामा थप्पड हान्दा मुन्टो फर्काए पछि कानमा चोट लाग्यो।

'उपचारको लागि आर्थिक सहयोगको रुपमा ४२ हजार दिएका छौं। तपाई आफ्नो बच्चालाई कुनै अर्को स्कुलमा भर्ना गराउनु भनेपछि बल्ल अहिले प्रचार गर्नु भएको छ' हिलेरियस चिल्ड्रेन एकेडमीका प्रधानध्यापक जनार्दन ठाकुरले बताए। यि त केहि उदाहरण मात्रै हुन्। तर पश्चिम नवलपरासीका दलित तथा अन्य समुदायका बालबालिकाहरु शिक्षकको व्यवहारकै कारण बाध्य भएर बीचैमा विद्यालय छोडन् थालेका छन्।

## करेन्ट लागेर युवकको मृत्यु

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १७ भदौ

सिरहामा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा नरहा गाउँपालिका -५ मा २२ वर्षीय सुनिल यादव रहेका छन्।

प्रहरीका अनुसार घरमै रहेको पानी तान्ने मोटरको तार विद्युतीय बोर्डमा जोड्ने क्रममा करेन्ट लागेर यादवको मृत्यु भएको हो।

करेन्ट लागेर घाइते भएका यादवलाई तत्काल धनगढीमाइ नगरपालिका -९ स्थित आरके मेटिसिटी अस्पताल पुऱ्याएपनि चिकित्सकले मृत घोषणा गरेका थिए। शव पोस्ट मार्टमका लागि प्रादेशिक अस्पताल लहानमा पठाएको प्रहरीले जनाएको छ।


**वचन बचत तथा ऋण सहकारी संस्था लि. को १३ औं बार्षिक साधारणसभा सम्बन्धी सूचना**

**आदरणीय शेयरधनी महानुभावज्यूहरु,**

यस संस्था लि.को १३ औं बार्षिक साधारणसभा २०७९, सञ्चालक समितिको मिति २०७९/०३/१० गते बसेको बैठकको निर्णय बमोजिम निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई गरिमामय उपस्थितिका लागि हार्दिक आमन्त्रण गर्दछौं। साथै उक्त कार्यक्रमको निमन्त्रणा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई सामाजिम संजाल मार्फत गरि सकिएको छ। यदि निमन्त्रणा छुट भएको भए यसै सूचनालाई आधार मानी उपस्थित भई दिनुहुन समेत अनुरोध गरिन्छ।

**साधारणसभा हुने मिति, समय र स्थान**

मिति : २०७९/०५/२५ गते शनिबार
समय : १०:०० बजे
स्थान : नयाँबजार मल्टीभेन्यू, नयाँबजार

**छलफल विषयहरु**

१. सञ्चालक समितिको तर्फबाट आ.व. २०७८/०७९ को कार्य प्रगति प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा।
३. आ.व. २०७९/०८० को आय-व्यय तथा अनुमानित विवरण सहितको आर्थिक प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा।
४. आ.व. २०७८/०७९ को खुद मुनाफा मध्येबाट शेयर सदस्यहरुलाई शेयर लाभांश वितरण गर्ने सम्बन्धमा।
५. शेयर सदस्यहरुको तर्फबाट साधारणसभा निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि छनोट गर्ने सम्बन्धमा।
६. सञ्चालक समितिको कार्य प्रगति, आर्थिक तथा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल गर्ने सम्बन्धमा।
७. संस्थाका विध्यमान नीति संशोधन तथा नायाँ नीति तयार गर्ने सम्बन्धमा।
८. संस्थाको सञ्चालक समितिको र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा।
९. आ.व. २०७९/०८० को लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा।
१०. संस्थाको सेवा केन्द्र सञ्चालन गर्ने सम्बन्धमा।
११. संस्था-संस्थाबीच एकीकरण गर्ने सम्बन्धमा।
१२. संस्थाको कार्यालय राख्ने घर जग्गा खरिद गर्ने सम्बन्धमा।
१३. २०७८/०४/०१ देखि २०७९/०५/१७ सम्म संचालक सिमितको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
१४. विविध।

**क्रोध रहित संसारको पन्ध्रौं बार्षिक साधारण सभा सोही मिति समय र स्थानमा हुने व्यहोरा सम्पूर्ण सदस्य महानुभवहरुमा जानकारी गरिन्छ।**

संचालक समितिको आज्ञाले
सचिव

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
का.म.न.पा. ३०, डिल्लीबजार, काठमाडौं, सम्पर्क नं. : ०१-४४३५७७९, ०१- ४४३४३२०
इमेल : savingbachan@gmail.com,web;www.bachansaving.com.np



**उर्लाबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**उर्लाबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

**सेवा करार सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०५/१८)**

प्रस्तुत विषयमा नेपाल सरकारको कार्यक्रम अनुसार उर्लाबारी नगरपालिकाको लागि तपसिल बमोजिमको पदहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनहुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम दरखास्त दस्तुर, कार्यविधी, पारिश्रमिक, सेवाका सर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा यस कार्यालयको वेवसाइटबाट उपलब्ध हुनेछ।

१. **विज्ञापन नं, सेवा सम्वन्धी विवरण तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता**

| विज्ञापन नं | सेवा करारमा लिने पद | न्यूनतम शैक्षिक योग्यता | माग संख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|
| ०४/०७९/०८० | पशु चिकित्सक (B.VSC.& A.H./B.V.SC) | मान्यता प्राप्त विश्वविध्यालय वा शैक्षिक संस्थावाट पशु चिकित्सा विषयमा कम्तिमा स्नातक तह उत्रिर्ण गरेको र परिषदमा दर्ता भएको। | १ जना | उर्लाबारी न.पा.को क्षेत्र |
| ०५/०७९/०८० | कृषि स्नातक | मान्यता प्राप्त विश्वविध्यालय वा शैक्षिक संस्थावाट कृषि विषयमा कम्तिमा स्नातक तह उत्रिर्ण भएको। | १ जना | उर्लाबारी न.पा.को क्षेत्र |

२. **दरखास्त दिने स्थानः–** उर्लाबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय उर्लाबारी -४ मोरङ
३. **दरखास्त दिने अन्तिम मितिः–** २०७९/०६/०२ गते
४. **दरखास्त दस्तुरः–** रु १०००/- (एकहजार मात्र)
५. **छनौटको किसिमः–** छोटो सूचि तथा लिखित/अन्तवार्ता
६. **आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः–** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः- नागरिकता, न्यूनतम योग्यताको लब्धांक प्रमाण-पत्र, चारित्रिक प्रमाण-पत्र, अनुभवभए सो खुल्ने कागजात, ३ प्रति पासपोर्ट आकारको फोटो।
७. **तलवः–** स्थानिय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधी २०७९ को दफा ८ को उपदफा (१) र (२) बमोजिम हुने।

***नोटः–*** *दरखास्त आवेदन फाराम र अन्य जानकारीको लागि उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी -४ को प्रशासन उप-शाखामा सम्पर्क राख्न सकिनेछ।*

**प्रमुख प्रशासकीय अधिकृत**



नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
विराटनगर

**आर्मोड केवलको इ-विडिङ शिलबन्दी बोलपत्र रद्द गरिएको सूचना**

**सूचना प्रकाशन मितिः२०७९/०५/१८**

यस अस्पतालमा आ.ब. २०७९/०८० को लागि आबश्यक पर्ने 4 core X 300 mm2 cupper Armoured XLPE Cable मिति:२०७९/०५/०५ गते इ-विडिङ मार्फत शिलबन्दी बोलपत्र आव्हान गरिएकोमा हाल सो केवल यस अस्पताललाइ आवश्यक नभएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा १ को खण्ड ग बमोजिम यस अस्पतालको मितिः २०७९/०५/१६ गतेको निर्णय (कार्यालय प्रमुख स्तरीय) ले सो इ-विडिङ शिलबन्दी बोलपत्र रद्द गरिएको व्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। धरौटी रकम तथा बोलपत्र फाराम खरिद रकम जम्मा गरिसकेको भए सो को हकमा यस अस्पतालमा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ।



**ZERO COST RECRUITMENT IN MALAYSIA**
**मलेशियामा शुन्य लागतमा रोजगार**

**मलेशियामा रोजगार** **TRANSPAK WORLDWIDE SDN BHD, JOHOR**
पुर्व स्विकृति मितिः 2079.05.16 चलानी नं. ६०१८६५९३ LT No. 270815

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 1500 | 42627 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०७९ भाद्र २४ गते (9 September 2022) मेनपावर कार्यालयमा हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्चः निःशुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

कथा

# अँध्यारो हराउँछ अँध्यारोभित्रै



■ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

एकअर्कालाई हामी चिन्दैन थियौं तैपनि हामी एउटै फोरममा भेला भएका थियौं । दर्ता भैसकेको कम्पनीमा म, लतिका र साकार अलि पछि आएका थियौं । त्यसैले अरुले भन्दा हामी चार जनाले प्रतिव्यक्ति दुई लाखका दरले बढी रकम बुझाएका थियौं । नौजना लगानीकर्ता रहेको र करीब डेढ करोडको चुक्ता पूँजी भएको कम्पनीमा हामीले दुई लाख बढी बुझाए तापनि हामीले कम्पनी पछि ज्वाइन गरेकाले नयाँ र पुराना सबै लगानीकर्ताको लगानी मूल्य र शेयर संख्या बराबर कायम गरिएको थियो । इभेण्ट म्यानेजमेण्ट गर्ने कम्पनीको रूपमा दर्ता भएको यस कम्पनी अर्थात् 'हार्ट एण्ड सोल इण्टरटेनमेण्ट'ले नगर्ने काम केही थिएन । फेशन सम्बन्धी पत्रिकाको प्रकाशन, मोडलहरुको फोटो शुट, प्रोफाइल तैयारीदेखि यसले शुल्क लिएर कार्यक्रम व्यवस्थापन, सञ्चालन, कवि गोष्ठी, बिमोचन, सचेतना कार्यक्रम सबै गर्ने गर्दथ्यो । नौ जनालाई नै पद र जिम्मेवारी बाँडिएको थियो तर, सबैलाई ओझेलमा पारेर सबैतिर एकलौटी रूपमा अध्यक्ष तथा महाप्रबन्धक नर्कट नारायणले प्रभाव होइन प्रभुत्व जमाउन जमाउन चाहन्थ्यो । उसको यही मिचाहा प्रवृत्तिले गर्दा सुरुमै सदस्यहरु बीच असन्तुष्टिको स्वर गुञ्जिन थाल्यो ।

हामीभन्दा अलि अगाडि कम्पनीमा पसेका कार्तिकेय चौलागाइँ, शौकत मियाँ, सम्पत चौधरी, मीनमाया लामा र डम्बरशम्शेर राणाले असन्तुष्टिलाई आफ्नो छातीभित्रै दबाएर नर्कटनारायण दराईको गलत कृयाकलापको बिरोध गर्न नसकेको देख्दा सुरुसुरुमा त मलाई अचम्म लाग्यो । तर पछि पछि थाहा हुँदै गयो ऊ आफूलाई यो क्षेत्रको ठूलै डन ठान्दोरहेछ । उडन्ते गफ दिनु, ढाँट्नु, छल्नु, झूटो बोल्नु त उसको लागि दूधभात खाएसरह रहेछ । ठेक्कापट्टा, घरजग्गा दलाली र कमिशन त उसको जीवनका अभिन्न अङ्ग रहेछन् । घुर्की, फुर्की र धाकधम्कीको भरमा मान्छेलाई तह लाउँछु भन्ने उसको सिद्धान्त रहेछ । तर उसको प्रवृत्ति र सिद्धान्त जे-जस्तोसुकै भए तापनि आफ्नो लगानीमाथिको खेलवाड मलाई कदापि सह्य थिएन । स्वीकार्य थिएन ।

प्रत्येक मिटिङ्गहरुमा हाम्रा मत बाझिन थाले । मत एक हुने मैले कुनै ठाउँ देखिरहेकै थिइन । किनभने नाफा गर्न र आफ्नो क्यारियरको एउटा महत्वपूर्ण सोपान बन्नेछ भन्ने आशाका साथ त्यत्ति ठूलो रकम लगानी गरिएको कुरा मेरा लागि ठट्टा थिएन नै । त्यसैले कम्पनीले आफ्नो उद्देश्यअनुसारको अहिलेसम्म के कत्ति काम गऱ्यो ? के कत्ति नाफा गऱ्यो वा घाटा भयो ? अब मलाई यसको पूर्ण विवरण चाहिएको थियो । मिटिङ्गमा मैले यो कुरा जोडदार रूपमा उठाएँ ।

"संस्था हाँक्ने मान्छे तपाईं । अध्यक्ष पनि तपाईं, महाप्रबन्धक पनि तपाईं । तपाईंलाई आफ्नो आयव्यय पूर्ण रूपमा दोहोरो लेखाप्रणालीअनुसार राख्नुपर्छ भन्ने पनि था' छैन ? संस्थाको नाममा आजसम्म कारोबारका लागि एउटा बैंक खाता खोल्नु भा' छैन । यस्तो अवस्थामा हामीले विश्वासपूर्वक तपाईंलाई सुम्पेको रकम तपाईंले दुरूपयोग गर्नु भा' छैन भनेर हामीले पत्याउने आधार के ? ल भन्नुस् ।"

"मैले भ्रष्टाचार गरें भन्ने लाग्छ भने अडिट गराउनुस् ।", नर्कटनारायणले मेचमा आफ्नो बसाई परिवर्तन गर्दै भने । अनुहारलाई बिफरको पुरानो दागले छोपेकोले उसको मनमा के चलिरहेको छ भनेर मुहारले खासै भनिरहेको थिएन ।

"अडिट गराउनलाई तपाईले हिसाव किताब दुरुस्त राखेको हुनुपऱ्यो नि ।", एउटा कुनोबाट कार्तिकेयले मसिनो स्वरमा बोल्यो ।

"अडिट गराउनै पर्छ र अडिट गराउने काम हाम्रो होइन तपाईंको हो । किनकि कार्यकारी तपाईं भैसकेपछि अडिट गराऊ भनेर तपाईंले हामीलाई ध्वाँस दिने ?", मैले नर्कटनारायणलाई ठाडै चुनौति दिएपछि अरु पनि असन्तुष्टिका झिना मसिना स्वर सुनिए ।

हल्लाखल्ला र मतान्तरको माझमा मिटिङ्ग कुनै निष्कर्षमा पुग्न सकेन । सबैलाई लगभग विश्वास भैसकेको थियो कामको बहानामा ठूलै माम हाम भएको छ भनेर । तर किन कोही पनि दह्रोसँग आवाज उठाउने हिम्मत गर्दैनन् ? के यिनीहरु नर्कटनारायणसँग डराउँछन् ? किन ? आफ्नो प्रश्नको जवाफ खोज्ने मैले धेरै प्रयत्न गरेँ । तर, मैले सकिनँ । किनभने मैले कसैमा स्पष्ट दृष्टिकोण भएको वा आफ्नो निश्चित अडान भएको व्यक्ति भेट्न सकिन । थालमा राखेको भेण्टाजस्तो जता ओरालो भयो त्यतै ढल्किनेहरुको जमात देख्दा मलाई लाग्नुसम्म आश्चर्य लाग्यो । आफ्नो रुचि, अडान र स्वाभिमान नभएको व्यक्ति पनि मान्छे हुन्छ र ? मलाई पत्यार लागेन । तर के गर्नु र, अहिले मैले यही अपत्यारिलो सत्यलाई आँखा अगाडि नछामिकनै देख्नु परिरहेछ ।

नर्कट नारायणको रूपमा मैले एउटा अनौठो जीव नै देखेँ भन्दा पनि हुन्छ । किनभने यसले रामेलाई सेतो भनेको कुरा श्यामेकहाँ पुग्दा कालो भैसकेको हुन्थ्यो भने यसले दिनलाई रात भन्थ्यो र रातलाई लाजै पचाएर दिन भन्थ्यो । दिनमा यसले कतिसय पटक झूट बोल्यो भनेर सके त्यो मान्छे आफैलाई थाहा हुँदैन थियो होला । मलाई आश्चर्य लाग्छ, यसका साथीहरुले र यसको परिवारले यसलाई कसरी सहँदा होलान् ? यसको व्यवहारलाई कसरी पचाउँदा होलान् ? के हामीले भनेर लगानी गरेको पैसामध्ये करीब पाँचलाख व्यर्थै जानेभयो । आः होस्, घाटा कटाएर फिर्ता आएको रकमले सानोतिनो जेजस्तो भए पनि बरु एक्लै व्यवसाय सुरु गर्छु ।

"प्रखरजी, तपाईंले साँच्चै कम्पनी छाड्ने हो त ?", छुचुन्द्रोको जस्तो आँखामा आएको चमकलाई लुकाउदै नर्कटनारायणले सोध्यो ।

"माइन्युट भइसकेको कुरालाई म झूटो भन्न सक्तिन । तेसैले साँचो नै हो ।", मेरो जवाफमा उसले कुनै प्रतिक्रिया जनाएन । हामीले पैसा पाउने दिन तय गरेर हामी मिटिङ्गबाट छुट्टियौं । कार्यालयबाट बाहिर निस्किंदा कम्पनीको नाम लेखिएको बोर्डलाई नियालेर हेरें, थुक्क । कुन दिन बुद्धि बिग्रेर यस्तो कुजातको संगत र सहकार्य गर्न आइपुगेछु ।

त्यसपछि साथीहरुको मुखबाट नर्कटनारायणले फैलाएको विभिन्न हल्ला सुनिन थाल्यो । कतिलाई उसले घाटा खाएर कोइ पनि जाँदैन भन्दो रहेछ भने कतिलाई चाहिँ मिटिङ्गमा विरोध गर्नेहरुलाई मत्थर पार्ने यो एउटा चाल हो पनि भन्दो रहेछ । त्यो अवतारीको भनाईमा मलाई कुनै प्रतिक्रिया दिनु नै थिएन । किनभने त्यो मेरो प्रतिक्रियाको लायक नै थिएन । मानिसको विश्वासलाई कुल्चेर रक्तमुछेल पार्ने त्यस्तो साइँदुवालाई मनुवा पनि के भन्नु र ? आउने पैसा सिरिखुरी लिएर अब के व्यापार, व्यवसाय गर्ने होला भनेर म घोरिन थालेँ । आज आज भोलि भोलि भन्दाभन्दै पैसा दिएर हामी तीन जनालाई बिदा गर्ने भनेको दिन पनि आयो । तर एक, दुई, तीनगर्दै हप्ता, दुई हप्ता बित्यो तर मिटिङ्ग बसेन । त्यसपछि दिनदिनै गएर अफिसमा कराएपछि बल्लबल्ल मिटिङ्ग बस्यो । तर छेपारोले झैं रङ्ग बदल्न खप्पिस नर्कटनारायणले पैसा दिने नामै नलिएपछि मैलै स्वर ठूलो र कडा गर्नै पऱ्यो ।

